नगर सभा सदस्य ज्यूहरु

अब म चालु आर्थिक वर्षमा विनियोजित बजेटको हालसम्मको प्रगति संक्षिप्तमा राख्न चाहन्छु ।

चालु आर्थिक वर्षमा नगरपालिका चालु तर्फ विनियोजित रु. ५० करोड ०३ लाख ८९ हजारमात्र मध्ये हालसम्म रु. ३८ करोड ८५ लाख ७७ हजार ०६ सय ९८ मात्र निकासा प्राप्त भई हालसम्म रु. ३८ करोड ८५ लाख ७७ हजार ०६ सय ९८ मात्र खर्च भएको छ । जुन रकम कूल विनियोजनको ७७.६६ प्रतिशत हुन आउँछ ।

त्यस्तै गरी नगरपालिकाको पुंजीगततर्फ कूल विनियोजन १५ करोड ७२ लाख ३३ हजार मात्र रहेकोमा हालसम्म रु ६ करोड ६३ लाख ९५ हजार ८ सय ३६ मात्र निकासा प्राप्त भई हालसम्म रु ६ करोड ६३ लाख १५ हजार ८ सय ३६ मात्र खर्च भएको छ। यो खर्च रकम कूल विनियोजनको ४२.२३ प्रतिशत हुन आउँछ । यसरी कूल विनियोजनको तुलनामा नेपाल सरकार र प्रदेश सरकारबाट न्यून रकम निकासा प्राप्त हुनु तथा आन्तरिक आम्दानी कूल अनुमानको करिब १.०६ प्रतिशतको हाराहारीमा हुनुले नगरपालिकाको कोषमाथि अत्याधिक चाप परेको स्पष्ट अनुमान गर्न सकिन्छ ।

यस परिप्रेक्ष्यमा म पाटन नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को आय व्ययको अनुमान सहितको वार्षिक बजेट यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आ.ब. २०८२।०८३ को यस पाटन नगरपालिकाको आय/व्ययको अनुमानः**

संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण र नगरपालिकाको आफ्नो कर क्षेत्राधिकारबाट संकलन हुने राजश्व अनुमानका आधारमा वार्षिक आय प्रस्तुत गरेको छु।

**क) संघीय सरकारबाट प्राप्त अनुदान**

समानीकरण अनुदान तर्फ :- ११२१०००००।- (११ करोड २१ लाख)

राजश्व बाँडफाँड:- १०७११७०००।- (१० करोड ७१ लाख १७ हजार)

समपुरक अनुदान :- ११२०००००।- (१ करोड १२ लाख)

विशेष अनुदान :- ६६०००००।- (६६ लाख)

शशर्त अनुदान चालु कार्यक्रम सहित :- ३५३७०००००।- (३५ करोड ३७ लाख)

शशर्त अनुदान पुजिगत कार्यक्रम सहित :- १०१००००० ।- (१ करोड १ लाख )

सडक बोर्ड तर्फः रु. ६०००००० ।- (६० लाख)

**जम्माः- ६००८१७००० ।- (६० करोड ०८ लाख १७ हजार )**

**ख) प्रदेश सरकारबाट प्राप्त अनुदान**

समानीकरण अनुदानः १०१७४००० ।- (१ करोड १ लाख ७४ हजार )

सशर्त चालु अनुदानः ० ।-

सशर्त पुजिगत अनुदानः २५००००० ।- (२५ लाख)

विषेश अनुदानः ४०००००० ।- ( ४० लाख)

समपुरक अनुदान १०३००००० ।- (१ करोड ३ लाख)

सवारी साधन कर/राजश्व बाँडफाँडः ३५२६००० ।- (३५ लाख २६ हजार)

**जम्माः ३०५००००० ।- (३ करोड ५ लाख )**

**ग) आन्तरिक आयतर्फः**

अनुमानित बैङ्क मौज्दातः२५००००००  ।- (२ करोड ५० लाख )

आन्तरिक राजश्वः ७०००००० ।- (७० लाख)

**आन्तरिक स्रोत अनुमान जम्मा रु. :-१७००००००।- (३ करोड २० लाख)**

**कूल आय अनुमान रु. ६६,९३,१७००० ।- ( ६६ करोड ९३ लाख १७ हजार)**

नगरसभा सदस्यज्यूहरु,

माथि उल्लेखित विभिन्न शिर्षक अन्तरगत प्राप्त भएको नगरपालिकाको कूल बजेट रु. ६६ करोड ९३ लाख १७ हजार नगरपालिका र वडातर्फका विभिन्न सेवा र कार्यका लागि व्यय हुने अनुमान गरेको छु ।नगरपालिका र वडा कार्यालयतर्फ प्रशासनिक खर्च पुग्ने गरी बजेटको व्यवस्था गरेको छु ।नगरपालिका र वडाबाट सञ्चालन हुने कार्यक्रम र योजनाहरुको आवश्यक बजेटको प्रबन्ध गरेको छु ।नगर स्वयंसेवक शिक्षक अनुदान कार्यक्रम र बालबिकास सहजकर्ता लगायतका

नगर प्रमुख

